# प्रकाशकीय

राज्यविरूद्ध युद्ध छेडेको तत्कालीन नेकपा-माओवादी र नेपाल सरकारबीच विस्तृत शान्ति सम्झौता (वि.सं. २०६३) भएर गति लिएको शान्ति प्रक्रियाले पूर्णता पाएको छैन । शान्ति प्रक्रियाको एउटा मुख्य कार्य संविधानसभाबाट नयाँ संविधान निर्माण गर्नु हो । तर, विद्यमान तरल राजनीतिले गर्दा संविधान लेखिने-नलेखिने टुंगो छैन । त्यससँगै जोडिएको अर्को महत्त्वपूर्ण मुद्दा हो, माओवादी सेनाका लडाकुको समायोजन र पुनःस्थापना । यी दुइटै मुद्दा एकआपसमा जेलिएका छन् । सेना समायोजन र पुनःस्थापनाको विषयमा टुंगोमा नपुगेसम्म संविधान निर्माण हुने देखिँदैन ।

माओवादीबाहेकका राजनीतिक दलले माओवादीलाई जानीजानी, रणनीतिक हिसाबले सेना समायोजनको मुद्दालाई सल्टयाउन नचाहेको आरोप लगाउँदै आएका छन् । माओवादीहरू आफूलाई देशी-विदेशी शक्ति मिलेर एक्ल्याउन खोजेको ठान्छन् र 'जनमुक्ति सेना' लाई आफूहरूबाट छुट्टयाउनेबित्तिकै आक्रमण अझ तीव्र बनाएर समाप्त पार्ने रणनीति देख्छन् । उनीहरू शिविरमा रहेका लडाकुहरूलाई आफ्नो रक्षा कवच ठान्छन् । माओवादी र अन्य दलबीच आपसी अविश्वासको खाडल गहिरिनुमा 'सेनापति प्रकरण' पनि जिम्मेवार छ । तत्कालीन

प्रधानमन्त्री पुष्पकमल दाहालको तत्कालीन सेना प्रमुख रूक्मांगद कटवाललाई बर्खास्त गर्ने असफल प्रयासपछि नागरिक सर्वोच्चताको प्रश्न जोडतोडले उठ्यो । सेना कसको नियन्त्रणमा छ या हुने भन्ने विषयमा पनि विवादजस्तो देखियो । सेना जननिर्वाचित सरकारको नियन्त्रणमा हुनै पर्छ, र राज्यकोषबाट तलब खानेहरू राज्यको नीति-नियममा बाँधिनु पर्छ । अन्योल सृजना हुनुमा कानुनी अस्पष्टता धेरै हदसम्म जिम्मेवार भएकाले संविधानमा यो प्रष्टता कायम गरिनु जरूरी छ ।

सेना समायोजन, पुनःस्थापन, सेनाको लोकतान्त्रीकरण, आदि पछिल्ला दिनमा राजनीतिक बहसमा निकै चल्तीमा आएका पदावली हुन् । तर, यी मुद्दाहरूमा बहस गर्नुअघि दुई विशाल मुलुक (क्षेत्रफल, जनसंख्या र अर्थतन्त्र सबै हिसाबले) बीचको नेपालजस्तो सानो मुलुकलाई सेना आवश्यक छ-छैन भनेरै पनि छलफल गर्न जरूरी छ । हामी मूल चुरोलाई छाडेर सतहका, छेउछाउका विषयमा रूमलिइरहेका छौं । सेनाबारे विगतमा आवश्यक छलफल भएन । र, अहिले पनि भैरहेको छैन । नेपालको आफ्नो आवश्यकता के हो ? सेना केका र कस्का लागि ? प्राथमिकता के हो : मानवीय सुरक्षा कि परम्परागत हिसाबको राज्य सुरक्षा ? यी प्रश्नका जवाफ खोजेपछि मात्र कति सेना चाहिन्छ भन्ने निर्क्योल गर्न सकिएला । सेनाको आवश्यकता, औचित्य र संख्याबारे विशद छलफल गरेर निष्कर्ष निकालेपछि माओवादी लडाकुको नेपाली सेनाभित्र समायोजनको मुद्दासमेत निरूपण गर्न सहज हुन्थ्यो, जुन विवादको जडजस्तो पनि देखिएको छ ।

सेनाबारे निर्णय लिनु पहिले सेनासँग सम्बन्धितका विभिन्न पाटाहरूबारे गहन बहस-छलफल हुन जरूरी छ । र, त्यस्तो बहस-छलफल अगाडि बढाउने उद्देश्यले नै मार्टिन चौतारीले यो पुस्तक *नेपाली सेना : नागरिक नियन्त्रणका चुनौती* प्रकाशन गर्न रूचि देखाएका हो । यो पुस्तक प्रकाशन गर्न सोचेभन्दा बढी समय लाग्यो, केही आन्तरिक र केही बाह्य कारणले । त्यसैले कसैलाई केही सामग्रीका सन्दर्भ अलि पुराना लागे पनि तिनले उठाएका प्रश्न र तिनको ऐतिहासिक महत्ता कायमै रहनेछ भन्ने हामीलाई लागेको छ । यो पुस्तकले नेपाली सेना, यसको चरित्र, ऐतिहासिक मोडहरू, नागरिक नियन्त्रण र समायोजनका मुद्दालगायत माओवादी सेना, यसको चरित्र र ऐतिहासिक मोडहरूबारे पनि प्रकाश पार्छ । र, नेपालको सुरक्षा र लोकतान्त्रिक भविष्यबारे चासो, चिन्ता राख्नेहरूलाई यो पुस्तक उपयोगी हुन्छ भन्ने ठानिएको छ ।

पुस्तक प्रकाशन क्रममा धेरैले सहयोग पुऱ्याउनु भएको छ, हामी उहाँहरू सबैप्रति आभार व्यक्त गर्न चाहन्छौं । सम्पादक सुधीर शर्मा, सबै लेखकहरू, केही

लेख छाप्न स्वीकृति दिने मूल प्रकाशकहरू सबैलाई धन्यवाद छ । मार्टिन चौतारीका साथीहरू प्रत्यूष वन्त, सेरा तामाङ, अनुभव अजीत, शेखर पराजुली, भास्कर गौतम, तीर्थ विष्ट, विमल आचार्य र विशेष गरी रमेश पराजुली, राम तिवारी र किशोर प्रधानले पुऱ्याउनु भएको सहयोगका लागि उहाँहरूलाई धन्यवाद दिन चाहन्छौं ।

**मार्टिन चौतारी**
थापाथली, काठमाडौं